आज मिति २०७७ साल असार १३ गतेका दिन गाउँपालिकाका अध्यक्ष श्री गोविन्द बहादुर पौडेल ज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको सम्पूर्ण सदस्यहरु तथा राजनीतिक दलका प्रतिनिधिहरुको संयुक्त उपस्थितिमा बैठक बसि तपसिल बमोजिमका प्रस्ताव उपर छलफल गरी निर्णय गरियो ।

## उपस्थिति

| क्र.स. | पद | नाम थर | हस्ताक्षर |
|---|---|---|---|
| १ | अध्यक्ष | गोविन्द बहादुर पौडेल | |
| २ | उपाध्यक्ष | शान्ता ढुंगेल | |
| ३ | १ नं. वडा वडाध्यक्ष | कुमार राज सुवेदी | |
| ४ | २ नं. वडा वडाध्यक्ष | रामहरि बूढाथोकी | |
| ५ | ३ नं. वडा वडाध्यक्ष | गोपाल खड्का | |
| ६ | ४ नं. वडा वडाध्यक्ष | घनबहादुर कार्की | |
| ७ | ५ नं. वडा वडाध्यक्ष | गोपाल बहादुर खत्री | |
| ८ | ६ नं. वडा वडाध्यक्ष | टिकाराम क्याप्छाकी मगर | |
| ९ | ७ नं. वडा वडाध्यक्ष | वेदबहादुर कार्की | |
| १० | ८ नं. वडा वडाध्यक्ष | विशाल कुमार पौडेल | |
| ११ | ९ नं. वडा वडाध्यक्ष | शुकवीर तामाङ | |
| १२ | कार्यपालिका सदस्य | माबर सुनुवार | |
| १३ | कार्यपालिका सदस्य | टेकबहादुर वि.क. | |
| १४ | कार्यपालिका सदस्य | लाल कुमारी तोलाङ्गी बर्मे | |
| १५ | कार्यपालिका सदस्य | तिलकमायाँ खत्री | |
| १६ | कार्यपालिका सदस्य | अप्सरी पाण्डे सुवेदी | अप्सरा |
| १७ | कार्यपालिका सदस्य | सीता खत्री | सीता |
| १८ | प्रमुख प्रशासकीय अधिकृत | अभय कुमार गुप्ता | |
| १९ | सूचना प्रविधि अधिकृत | द्रोण कुमार धमला | |
| २०. | नेकपा लिपु कमिटी इन्चार्ज | सकेन्द्र राज कटवाल | |

| क्र.स. | पद | नाम थर | हस्ताक्षर |
|---|---|---|---|
| २१. | ने.क.पा. लिखु गा.पा कमिटी वडा नं. ५ अध्यक्ष | कुमार कटुवाल | [signature] |
| २२. | ने.क.पा. लिखु गा.पा. वडा नं. ५ इन्चार्ज | लाल ब. कार्की | [signature] |
| २३ | १ डर्न ४ | डिल्लीराज पाण्डे | [signature] |
| २४. | वडा नं. ४ ने.क.पा. सचिव | आविराम गडवाल | [signature] |
| २५. | ने.का. पालिका सा कोटी सदस्य, संगठन | मोहन कार्की | [signature] |
| २६. | ने.की.जि.का.स. एवं गा.पा. सचिव | राजन कुमार श्रेष्ठ | [signature] |
| २७ | प्रेमप्रसाद गहराई | ने.क.पा. लिखु गाउँपालिका कमिटी अध्यक्ष | [signature] |
| २८ | ~~नविन~~ नेकपा लिखु गापा ५ सं | नविन पौडेल | [signature] |
| २९ | मेघ बहादुर कार्की नेकपा सभा पति पत्रिका | मेघबा कार्की सभापति | [signature] |
| | | | |
| ३०. | ने.का. सदस्य वडा नं. ५ | सुदर्शन कार्की | [signature] |
| ३१ | ने.का. महाधिवेशन प्रतिनिधि | अशोक कुमार कार्की | [signature] |
| ३२ | ने.क.पा. सदस्य | टिका बहादुर खड्का | [signature] |
| ३३ | पूर्व वडा सदस्य | पूर्व वडा सिताराम भण्डारी | [signature] |
| ३४ | ने.क.पा. कमिटी सदस्य | केशराम खड्का | [signature] |
| ३५. | ने.का. सदस्य | कमल खत्री | [signature] |
| ३६ | नेकपा सदस्य | चेत बहादुर कटवाल | [signature] |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

**प्रस्तावित विषयहरु:-**

१. एम्बुलेन्स दुर्घटना सम्बन्धमा।
२. विगत केहि दिन देखि शृंखलावद्ध रुपमा भईरहेको घटनाक्रम जानकारी सम्बन्धमा।
३. कार्यालय भित्र भएको सांघातिक हमला सम्बन्धमा।
४. सुझावलाई कार्यान्वयन गर्ने सम्बन्धमा।

**निर्णयहरु:-**

१. **निर्णय नं. १,** प्रस्ताव नं. १ माथि आवश्यक छलफल गर्दा मिति २०७७/०३/११ गते लिखु गाउँपालिकाको एम्बुलेन्स सेवा सञ्चालनको क्रममा लिखु गाउँपालिका वडा नं. ६ स्थित कात्तिके भिरमा एम्बुलेन्स दुर्घटना भई यसै गाउँपालिकाका एम्बुलेन्स चालक लिखु गाउँपालिका वडा नं. ४ निबासि डम्बर बहादुर खत्रीका छोरा बर्ष २२ का सुदर्शन खत्रीको मृत्यु भएको प्रति हार्दिक श्रद्धान्जली प्रकट गर्दै मृतक आत्माको शान्ति तथा शोक सन्तप्त परिवालाई धैर्य धारण गर्ने शक्ति मिलोस् भन्ने कामना गर्दछौं।

२. **निर्णय नं. २,** प्रस्ताव नं. २ माथि आवश्यक छलफल गर्दा मिति २०७७/०३/७ र ८ गते १५ सैंयाको अस्पतालको विषयलाई लिएर यसै गाउँपालिका वडा नं. ६ गाम्नाङ्टारमा गाउँपालिका अध्यक्षमाथि अन्दाज २०० जनाले गरेको घेराउ तथा अनैतिक व्यवहार, मिति २०७७/०३/१० गते गाउँपालिकाको सातौं गाउँसभा चलिरहेको अवश्थामा १५ सैयाको अस्पतालको विषयलाई नै लिएर यसै गाउँपालिका वडा नं. ४ र ५ का अन्दाज २०० जना भन्दा बढि जनमानस भेला भई गाउँपालिकाको मुख्यद्वारा तोडफोड गरी सभाहलमा ढुंगामुडा जुत्ता प्रहार गर्ने र टायर बाल्ने प्रकृतिका शृंखलावद्ध घटनाक्रम साथै मिति २०७७/०३/११ गते लिखु गाउँपालिकाको एम्बुलेन्स सेवा सञ्चालनको क्रममा दुर्घटना भएको दुखद अवश्थामा पुनः अन्दाजि १५ जनाको समूह कार्यालय भित्र प्रवेश गरि अश्लिल शब्दहरु प्रयोग गर्दै गाउँपालिका अध्यक्ष लगायत अन्य जनप्रतिनिधि तथा कर्मचारीहरु समेतलाई कुटपिट गरेको, कार्यालय परिसर भित्र तोडफोड गरेको, झ्यालका शिशा तथा फर्निचर समेत फुटाएको तथा जनप्रतिनिधिहरु तथा कर्मचारीहरुलाई धम्काई कार्यालयबाट बाहिर निकालिएको विषम परिस्थिती निन्दनिय छ साथै एम्बुलेन्स दुर्घटनामा मृत्यु भएका कर्मचारीको परिवारलाई यस गाउँ कार्यपालिकाको निर्णय अनुसार पिडित पक्षलाई समेत राखि राहतको व्यवस्थापन पनि गरि सकिएको छ। सोही व्यहोरा बैठकमा जानकारी भयो।

३. **निर्णय नं. ३**, प्रस्ताव नं. ३ माथि व्यापक छलफल गर्दा मिति २०७७/०३/१० र ११ गतेको परिस्थितिको प्रतिकुल असरको कारण कर्मचारीहरुले असुरक्षित महसुस गर्दै पेन डाउन गरेको अवस्थामा सम्पूर्ण कर्मचारीहरु तथा जनप्रतिनिधिहरुको सुरक्षा तथा गाउँपालिका कार्यालय तथा कार्यकक्षमा सांघातिक आक्रमण गर्ने समूहलाई कानून बमोजिम कारवाहीको लागि स्थानीय प्रशासन सँग जोडदार माग गर्ने साथै सो कार्यको लागि आवश्यक सहयोग तथा सहजिरकण गर्ने सर्वसम्मतबाट निर्णय गरियो ।

४. **निर्णय नं. ४**, प्रस्ताव नं. ४ माथि व्यापक छलफल गर्दा आजको कार्यपालिका सदस्य सहित रहेको सर्वदलिय बैठकमा राजनीतिक प्रतिनिधिहरुले दिएको सल्लाह, सुझावलाई मनन् गर्दै कार्यान्वयनमा लैजाने सर्वसम्मतबाट निर्णय गरियो ।